कृषि ज्ञान केन्द्र

पृष्ठभूमि

नेपालको संविधानको धारा ३०२ (१) मा प्रदेश र स्थानीय तहमा सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको परिप्रेक्ष्य तथा कर्मचारी समायोजन ऐन २०७४ दफा ४ (१,२) मा संगठन तथा व्यवस्थाप सर्भेक्षण समिति गठन गर्ने व्यवस्था अनुरुप समिति गठन भई संविधानका अनुसूची ५,६,७,८ तथा ९ मा उल्लेख अधिकार सूचीको कार्यजिम्मेवारी विस्तृतीकरण गरी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय अन्तरगत नेपाल सरकार (मन्त्रीपरिषद) बाट कृषि ज्ञान केन्द्रको संगठन संरचना मिति २०७५/३/२६ मा स्वीकृत भएको हो । प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तरगत रहने गरी स्थापित कृषि ज्ञान केन्द्रको कार्यवविवरण प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम,आवश्यक्ता, औचित्यताका आधारमा कृषि ज्ञान केन्द्रको कार्यविवरण देहाय बमोजिम हुन वाञ्छनिय देखिएको छ ।

कार्यविवरण

- प्रदेश सरकारको कृषि विकास कार्यक्रम संचालनका लागि प्रदेश सरकारको कृषि विकास कार्यक्रम कार्यन्वयन ईकाईको रुपमा काम गर्ने ।
- स्थानीय समस्यामा आधारित स–साना अध्ययन परिक्षण तथा भ्यालिडेशन परीक्षण सन्चालन गर्ने ।
- स्थानिय तहसँग समन्वय गरी कृषि सम्बन्धी तथ्यांक संकलन तथा सम्प्रेषण गर्ने ।
- विभिन्न वालीहरुको अवस्था नियमित अनुगमन गरी मासिक रुपमा मौसमी प्रतिवेदन तथा प्राकृतिक प्रकोप, मौसम प्रतिकुलता आदिवाट देखापर्ने समस्याको क्षतिको विवरण संकलन तथा सम्प्रेषण गर्ने ।
- विषादी, वीउ विजन, रासायनिक तथा प्राङ्गारिक मलको गुणस्तर अनुगमन तथा आपुर्ति व्यवस्था वारे नियमित अनुगमन तथा समन्वय गर्ने ।
- माटो तथा मल, बालीसंरक्षण र वीउविजन परीक्षण सम्वन्धी सामान्य प्रयोगशाला सेवा संचालन गर्ने ।
- व्यवसायिक कृषक र व्यवसायीहरुको लागि कृषिसँग सम्वन्धित तालिम सन्चालन गर्ने ।
- स्थानिय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा प्रदान गर्ने ।
- स्थानीय किसान, कृषि उद्यमी तथा कृषि प्राविधिकका लागि नवीनतम कृषि प्रविधिका श्रब्यदृश्य लगायतका प्रचार प्रसार र जानकारीमूलक सामाग्री उपलब्ध गराउन सूचना केन्द्रको रुपमा कार्य गर्ने।
- स्थानिय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान कार्यक्रममा समन्वय र सहयोग पुर्याउने ।
- वीउ विजन तथा उन्नत नश्लको लागि स्रोतकेन्द्र विकासमा सहयोग गर्ने ।
- प्रदेशमा संचालित संघीय कृषि विकास कार्यक्रम कार्यन्वयन, समन्वय तथा सहजीकरण गर्ने ।

सचिव

Scanned by CamScanner

- कृषि स्नातक तथा जे.टी/जे.टी.ए कोर्ष अध्ययनरत विधार्थीहरुका लागि इन्टर्नसिप कार्यक्रम संचालनमा सहयोग गर्ने ।
- कृषि उद्यम तथा व्यवसाय सन्चालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलव्ध गराउने।
- वाली विमा तथा सहुलियत ब्याज दरको कृषि कर्जा कार्यक्रम कार्यान्वयनमा समन्वय तथा सहजिकरण गर्ने ।
- महामारी र प्राकृतिक प्रकोपका कारण भएको कृषिधनको क्षति विवरण संकलन तथा क्षतिपूर्ति, राहत र पुनर्स्थापनाका कार्यहरु गर्ने/गराउने ।
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तहवीच समन्वयको काम गर्ने ।
- कृषि क्षेत्रसँग सम्बन्धित ऐन, कानून, नीति तथा नियमले श्रृजना गरेका कानूनी दायित्वहरु निर्वाह गर्ने तथा सो कार्यमा आवश्यक सहयोग गर्ने ।

सचिव

Scanned by CamScanner